सामर्थ्य फाउन्डेसन
SAMARTHYA
FOUNDATION

REGISTRATION NO. 386139/82/83
PAN NO. 623554568
Ward 10, Kupondole, Lalitpur, NEPAL

Ref. No. ००७–०८३/०८४

मितिः २०८३।०६।०२

## सामाजिक परिचालक आवश्यकता — ५ जना

### पृष्ठभूमी

सुरक्षित विद्यालय, सबल विद्यार्थी परियोजना अस्ट्रेलियन हिमालयन फाउन्डेसन तथा अस्ट्रेलियन सरकारको आर्थिक सहयोगमा सामर्थ्य फाउन्डेसन (Samarthya Foundation)ले स्थानीय सरकारसँगको समन्वयमा कार्यान्वयन गरिरहेको छ । यो परियोजना सोलुखुम्बु र खोटाङ जिल्लाका ५० वटा विद्यालयमा १ जुलाई २०२६ देखि ३० जुन २०३१ सम्म संचालनमा छ । परियोजनाको मुख्य उद्देश्य सुरक्षित र बाल केन्द्रित विद्यालयहरुमा विविध पृष्ठभूमिका बालबालिकाहरु सकृय सिकारुका रुपमा आफ्नो पूर्ण क्षमता हासिल गर्न सक्षम बनाउनु रहेको छ । यस परियोनाका लागि तल उल्लेखित सामाजिक परिचालक आवश्यक भएकोले आवेदन आह्वान गरिन्छ ।

कार्यस्थलः खोटाङ (ऐसेलुखर्क र केपिलासगढी गाउँपालिका), सोलुखुम्बु (लिखुपिके, माप्य दुधकोशी र नेचासल्यान गाउँपालिका)

रिपोर्टिङ गर्नुपर्ने अधिकारीः सम्बन्धित पालिकाका परियोजना अधिकृत **(Project Officer)**

लागू हुने मितिः १ अक्टोबर २०२६ देखि

काम गर्ने समय र दिनः संस्थागत नीति अनुसार

भ्रमण आवश्यकताः सम्बन्धित पालिकाका परियोजना विद्यालय तथा समुदायहरुमा आवश्यकता अनुसार

### भूमिका (Role Purpose)

सामाजिक परिचालक (Community Mobilizer) बालबालिका, अभिभावक, विद्यालय, विद्यालय व्यवस्थापन समिति, बाल क्लब र स्थानीय समुदायहरूसँगको संलग्नतालाई सुदृढ गर्दै बालमैत्री शिक्षा परियोजनाहरूको समुदायस्तरमा कार्यान्वयनमा सहयोग गर्न जिम्मेवार रहनेछन्। सामाजिक परिचालकको भूमिका समुदाय तथा विद्यालय स्तरमा बालमैत्री, समावेशी, सुरक्षित र सहभागितामूलक शिक्षा अभ्यासहरूलाई प्रबर्धन गर्नमा केन्द्रित छ।

परियोजना अधिकृत (Project Officer) को प्रत्यक्ष सुपरिवेक्षणमा काम गर्दै, सामाजिक परिचालकले बालबालिकाको शिक्षामा पहुँच, सहभागिता, निरन्तरता र संरक्षणमा सुधार ल्याउन सचेतना गतिविधिहरू, समुदाय परिचालन, विद्यालय–समुदाय समन्वय र अनुगमन सहयोगलाई सहजीकरण गर्नेछन्।

यस पदका लागि विद्यालय र समुदायहरूमा नियमित उपस्थिति, बालबालिका र परिवारहरूसँग निकट अन्तरक्रिया, तथा बाल संरक्षण (Safeguarding) र समावेशी शिक्षाका सिद्धान्तहरूप्रति प्रतिबद्धता आवश्यक पर्दछ ।

### २. उत्तरदायित्वहरू (Accountabilities)

सामर्थ्य फाउन्डेसन
SAMARTHYA
FOUNDATION

REGISTRATION NO. 386139/82/83
PAN NO. 623554568
Ward 10, Kupondole, Lalitpur, NEPAL

१. समुदाय परिचालन तथा सचेतना (Community Mobilization & Awareness)

- बालमैत्री शिक्षा, बाल अधिकार, समावेशी शिक्षा, संरक्षण (Safeguarding) र सकारात्मक अभिभावकत्व अभ्यासको महत्त्वबारे सामुदायिक सचेतना सत्रहरू सञ्चालन गर्ने।
- बालबालिकाको विद्यालय भर्ना, उपस्थिति, सहभागिता, र निरन्तरतालाई प्रबर्धन गर्न अभिभावक, हेरचाहकर्ता, विद्यालय र समुदायलाई परिचालित गर्ने।
- सुरक्षित, समावेशी, र बालमैत्री सिकाइ वातावरण प्रबर्धन गर्न सामुदायिक छलफल तथा अभियानहरू सहजीकरण गर्ने।
- विद्यालयका कार्यक्रमहरू, बाल क्लबका गतिविधिहरू, सामुदायिक बैठकहरू, र सचेतना अभियानहरूको आयोजनामा सहयोग गर्ने।
- शिक्षा गतिविधिहरूमा बालबालिकाहरू (विशेषगरी छात्राहरू), अपाङ्गता भएका बालबालिका, सीमान्तकृत बालबालिका र जोखिममा रहेका समूहहरूको सहभागिता प्रबर्धन गर्ने।
- विद्यालय सुधारका पहलहरूमा सामुदायिक स्वामित्व र सहभागितालाई प्रोत्साहन गर्ने ।

२. विद्यालय तथा बाल सहयोग (School & Child Support)

- समुदाय र विद्यालय स्तरमा बालमैत्री तथा समावेशी शिक्षा गतिविधिहरू कार्यान्वयन गर्न विद्यालयहरूलाई सहयोग गर्ने।
- बालकेन्द्रित सिकाइ तथा अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्न शिक्षक तथा विद्यालयहरूलाई सहयोग गर्ने।
- बाल क्लब, समकक्षी सहयोग समूह, र विद्यार्थी सहभागिता संयन्त्रलाई सुदृढ बनाउन सहयोग गर्ने।
- अनुपस्थित हुने, विद्यालय छाड्ने जोखिममा रहेका वा शिक्षाबाट बञ्चित बालबालिकाहरूसँग नियमित अनुगमन (Follow-up) गर्ने।
- बालबालिकाको सिकाइ र सहभागितामा असर पार्ने अवरोधहरू समाधान गर्न अभिभावक, शिक्षक र सामुदायिक नेताहरूसँग समन्वय गर्ने।
- बालबालिका, अभिभावक र समुदायहरूमा बाल संरक्षण र संरक्षण सचेतना (Child Protection and Safeguarding Awareness) प्रबर्धन गर्ने ।

३. समन्वय तथा सरोकारवाला संलग्नता (Coordination & Stakeholder Engagement)

- विद्यालय, विद्यालय व्यवस्थापन समिति (SMC), शिक्षक अभिभावक संघ (PTA), बाल क्लब र सामुदायिक नेताहरूसँग नियमित सञ्चार तथा समन्वय कायम राख्ने।
- स्थानीय शिक्षा सरोकारवालाहरू र संघ–संस्थाहरूसँग समन्वय गर्न परियोजना अधिकृतहरूलाई सहयोग गर्ने ।

- परियोजना कार्यान्वयनलाई सुदृढ पार्न बालबालिका, परिवार, शिक्षक र स्थानीय सरोकारवालाहरूसँग सकारात्मक सम्बन्ध निर्माण गर्ने।
- आवश्यकता अनुसार सामुदायिक बैठक, विद्यालय भ्रमण र स्थानीय समन्वय गतिविधिहरूमा भाग लिने ।

**४. अनुगमन, अभिलेखीकरण तथा प्रतिवेदन (Monitoring, Documentation & Reporting)**

- उपस्थिति, भर्ना, सहभागिता र सामुदायिक प्रतिक्रिया (Feedback) लगायतका आधारभूत शिक्षा सम्बन्धी तथ्याङ्क सङ्कलनमा सहयोग गर्ने।
- फिल्ड स्तरमा आयोजना गरिएका गतिविधिहरूको अनुगमन गर्न र कार्यान्वयनका चुनौतीहरू पहिचान गर्न सहयोग गर्ने।
- परियोजना क्रियाकलापहरूको प्रतिवेदन, बैठकका निर्णयहरू (Minutes), सहभागीहरूको अभिलेख, सफलताका कथाहरू (Success Stories) र सामुदायिक प्रतिक्रियाहरू अभिलेखीकरण गर्ने।
- परियोजना अधिकृतलाई नियमित अद्यावधिक विवरण र कार्य क्षेत्रका गतिविधिहरू अद्यावधी गर्ने।
- विद्यालय र समुदाय स्तरमा जवाफदेहिता र प्रतिक्रिया संयन्त्र (Accountability and Feedback Mechanisms)लाई सहयोग गर्ने।

**५. नीति पालना तथा समावेशीकरण (Policy Compliance & Inclusion)**

- सबै गतिविधिहरूमा बाल संरक्षण, लैङ्गिक समानता, अपाङ्गता समावेशीकरण र गैर—भेदभावलाई प्रवर्धन गर्ने।
- बालबालिका र समुदायहरूसँग सुरक्षित, सम्मानजनक र बालमैत्री अन्तरक्रिया सुनिश्चित गर्ने।
- संस्थागत प्रक्रिया अनुसार संरक्षण सम्बन्धी जोखिम वा घट्नाहरूको तुरुन्त Report गर्ने।
- परियोजनाका गतिविधिहरू संस्थागत नीति, आचारसंहिता र दाताका आवश्यकताहरू अनुसार कार्यान्वयन भएको सुनिश्चित गर्ने।
- परियोजनाका गतिविधिहरूमा सीमान्तकृत र जोखिममा परेका बालबालिकाको समावेशी सहभागितालाई प्रवर्धन गर्ने।

**६. बाल संरक्षण (Child Safeguarding)**

सामाजिक परिचालकले सबै गतिविधिहरूमा बालबालिकाको सुरक्षा र कल्याण सुनिश्चित गरेर, बाल—सुरक्षित वातावरण प्रवर्धन गरेर र संस्थागत प्रक्रियाहरू अनुसार जुनसुकै विषय वा घटनाहरूको तुरुन्त रिपोर्ट गरेर बाल दुर्व्यवहार र शोषणमा संस्थाको शून्य सहनशीलता (Zero-Tolerance) नीतिलाई कायम राख्नु पर्नेछ ।

**७. यौन शोषण, दुर्व्यवहार र यौन उत्पीडन रोकथाम (PSEAH)**

सामर्थ्य फाउन्डेसन SAMARTHYA FOUNDATION

सामाजिक परिचालकले उच्च आचरणं कायम राखेर, सुरक्षित र सम्मानजनक वातावरणको प्रबर्धन गरेर र संस्थागत प्रक्रियाहरू अनुसार जुनसुकै सरोकारका विषयहरू तुरुन्त रिपोर्ट गरेर यौन शोषण, दुव्र्यवहार र यौन उत्पीडन सम्बन्धी संस्थाको शून्य सहनशीलता नीतिलाई कायम राख्न आवश्यक छ ।

### ८. लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण (GEDSI) प्रतिबद्धताहरू

सामाजिक परिचालकले समावेशी कार्यस्थललाई प्रबर्धन गरेर र लिङ्ग, जात, उमेर र क्षमतामा विविधताको सम्मान गर्दै लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण (GEDSI)लाई सक्रिय रूपमा सहयोग गर्ने अपेक्षा गरिन्छ।

### ९. आवश्यक शैक्षिक योग्यता तथा अनुभव (Required academic qualification & experience)

- प्रमाणपत्र तह (Intermediate/+२) उत्तीर्ण। शिक्षा, विकास अध्ययन (Development Studies), समाजशास्त्र वा सम्बन्धित विषयमा स्नातक उत्तीर्ण भएकालाई प्राथमिकता दिइनेछ।
- समुदाय परिचालन, शिक्षा परियोजना, बाल—केन्द्रित कार्यक्रम वा सामाजिक विकासका पहलहरूमा न्यूनतम १ वर्षको सम्बन्धित अनुभव।
- ग्रामीण वा दुर्गम क्षेत्रका विद्यालय, बालबालिका, अभिभावक र समुदायहरूसँग काम गरेको अनुभवलाई प्राथमिकता दिइनेछ।
- बालमैत्री शिक्षा, बाल संरक्षण वा समावेशी शिक्षाका पहुँचहरूबारे जानकारी हुनु एक थप फाइदा हुनेछ।
- नेपालको शिक्षा प्रणाली र स्थानीय सरकारको संरचनाबारे आधारभूत ज्ञान।
- सामुदायिक बैठक, सचेतना सत्र वा परिचालन गतिविधिहरू सहजीकरण गरेको अनुभव भएको।

### १०. सीपहरू (Skills)

- अंग्रेजी र नेपाली दुवै भाषामा राम्रो सञ्चार सीप (लेखाइ र बोलाइ)। स्थानीय भाषाको ज्ञान।
- MS Office र मोबाइलमा आधारित सञ्चार उपकरणहरूबारे आधारभूत ज्ञान ।
- बाल अधिकार, संरक्षण, र समावेशी शिक्षाका सिद्धान्तहरू प्रति प्रतिबद्धता।
- राम्रो अन्तरव्यैक्तिक (Interpersonal), वार्ता (Negotiation), र समन्वय सीप।
- उच्च सत्य निष्ठा, विविध सांस्कृतिक संवेदनशीलता, र समावेशी शिक्षाका सिद्धान्तहरू प्रवद्र्धन गर्ने प्रतिबद्धता।
- विविध संस्कृति र समुदायहरूप्रति सम्मानजनक अभिवृत्ति ।
- Multiple tasks व्यवस्थापन गर्ने र तोकिएको समयसीमा (Deadlines) भित्र काम सम्पन्न गर्ने क्षमता।
- दुर्गम क्षेत्रमा स्वतन्त्र रूपमा काम गर्ने क्षमता।

सामर्थ्य फाउन्डेसन
SAMARTHYA
FOUNDATION

REGISTRATION NO. 386139/82/83
PAN NO. 623554568
Ward 10, Kupondole, Lalitpur, NEPAL

- स्थानीय समुदाय वा परियोजना सञ्चालित जिल्लाका उम्मेदवारहरूलाई प्राथमिकता दिइनेछ।
- महिलालाई आवेदकलाई मात्रै यस प्रकृयामा संलग्न गराईनेछ ।

**आवेदन प्रकृया तथा विधि**

योग्यता पुगेका इच्छुक व्यक्तिहरुले २५ सेप्टेम्बर २०२६ भित्र निवेदन, बायोडाटा, नागरिकता तथा शैक्षिक प्रमाणपत्रका प्रतिलिपिहरु लगायत कागजातहरुसहित पालिका अनुसार तल उल्लेखित व्यक्तिहरुलाई सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

माप्य दुधकोशी गाउँपालिका — विष्णु प्रसाद उपाध्याय, सम्पर्क नं. ९८६४६४९१९३; Email: bishnuupadhyay@samarthyafoundation.org

लिखुपिके गाउँपालिका — निमा शेर्पा, सम्पर्क नं. ९८६१२१२२२८; Email: ngimasherpa@samarthyafoundation.org

नेचासल्यान गाउँपालिका — राजीव ढुंगाना, सम्पर्क नं. ९८४१०९५८४५; Email: rajivdhungana@samarthyafoundation.org

केपिलासगढी गाउँपालिका — शिव उपाध्याय, सम्पर्क नं. ९८४८६८४३५८; Email: shivaupadhyay@samarthyafoundtion.org

ऐसेलुखर्क गाउँपालिका — अभिशेक विक्रम शाह, सम्पर्क नं. ९७६६३८३१४७; Email: abishekshah@samarthyafoundation.org

....... ....... 

सामर्थ्य फाउन्डेसन SAMARTHYA FOUNDATION

शक बहादुर बुढाथोकी

परियोजना प्रवन्धक

सामर्थ्य फाउन्डेसन